नेपाल सरकार

# राष्ट्रिय पुनर्निर्माण प्राधिकरण

२०७५/१२/१५

# पुनर्निर्माणको वर्तमान अवस्था र भावी कार्ययोजना


**प्रस्तुति**
सुशील ज्ञवाली
प्रमुख कार्यकारी अधिकृत

# प्रस्तुतीकरणका विषयवस्तुहरु

क. निजी आवास पुनर्निर्माण, गुनासो सुनुवाई र पुनरावेदन
ख. बस्ती स्थानान्तरण, एकीकृत बस्ती र जोखिम वर्गका लाभग्राही
ग. शिक्षण संस्थाहरुको पुनर्निर्माण
घ. स्वास्थ्य संस्थाहरुको पुनर्निर्माण
ङ. सरकारी एवं सुरक्षा निकायका भवन पुनर्निर्माण
च. पुरातत्विक एवं साँस्कृतिक सम्पदा तथा परम्परागत बस्तीहरुको पुनर्निर्माण
छ. सडक तथा खानेपानी संरचनाहरुको पुनर्निर्माण
ज. सामाजिक-आर्थिक पुनर्स्थापना
झ. वित्तीय व्यवस्थापन
ञ. पुनर्निर्माणको दीगोपना र हस्तान्तरण

## क. निजी आवास पुनर्निर्माण, गुनासो सुनुवाई र पुनरावेदन

### १. नीतिगत एवं कानूनी व्यवस्था

- मूल लक्ष्य- भूकम्पपीडित सबैको सुरक्षित आवासको सुनिश्चतता
- भूकम्पपीडित परिवार कोही नछुटून् र कोही नदोहोरिउन् भन्ने सोच
- बैङ्क खातामार्फत अनुदान रकम भुक्तानी - पारदर्शिताको सुनिश्चितता
- प्राविधिक निरीक्षणका आधारमा तीन किस्तामा तीन लाख रुपियाँ अनुदान - सुरक्षित आवास पुनर्निर्माणको मूल आधार ।
- प्राविधिक सेवाको सहज पहुँचका लागि सम्बन्धित पालिकाद्धारा वडा तहमा इन्जिनियर एवं डकर्मीहरू परिचालन ।
- स्थानीय तहमा कार्यजिम्मेवारी, स्रोतरसाधन र अधिकार हस्तान्तरण- संस्थागत दिगोपना र सङ्घीयताको कार्यान्वयन
- टोल तथा बस्तीहरूमा पुनर्निर्माण सामुदायिक समितिको व्यवस्थाद्वारा पुनर्निर्माण कार्यमा समन्वय, आपसी सहयोग र जनचेतनामा अभिवृद्धि

# क. निजी आवास पुनर्निर्माण, गुनासो सुनुवाई र पुनरावेदन

## १. नीतिगत एवं कानूनी व्यवस्था

- प्रत्येक स्थानीय तहमा पुनर्निर्माण समन्वय समिति र कार्यान्वयन एकाइको व्यवस्था- स्थानीय तहमै पुनर्निर्माण कार्यको कार्यान्वयन, अनुगमन र समीक्षा
- जिल्ला तहमा पुनर्निर्माण समन्वय समितिको व्यवस्था- पुनर्निर्माणमा तीनै तहका जनप्रतिनिधि परिचालन र अनुगमनकारी भूमिकाको सुनिश्चितता
- सबै भूकम्पपीडितको विवरण सूचना प्रणालीमा आबद्ध- पुनर्निर्माण एवं अनुदान वितरण व्यवस्थापनमा सहजता र विश्वसनीयता ।
- घर पुनर्निर्माण गर्न नसकेका र ऋण आवश्यक पर्ने लाभग्राहीलाई तीन लाख रुपियाँसम्मको पाँच वर्षको सरल ऋणको व्यवस्था ।

# क. निजी आवास पुनर्निर्माण, गुनासो सुनुवाई र पुनरावेदन

## १. नीतिगत एवं कानूनी व्यवस्था

- स्ववासी, भूमिहीन, गुठी, मोही जस्ता समस्या रहेका जग्गामा बसोबास गरेका भूकम्पपीडित लाभग्राहीलाई निस्सा कागज वा स्थानीय तहको सिफारिसका आधारमा आवास पुनर्निर्माण अनुदान दिइने व्यवस्था ।
- प्राधिकरणको केन्द्रीय कार्यालयमा टोलफ्री नम्बरको व्यवस्था द्वारा जिज्ञासा एवं गुनासोको समाधान गर्ने व्यवस्था ।
- लाभग्राहीले वडा तहमै गुनासो दर्ता गर्न सक्ने र स्थानीय तहले आवश्यक छानविन एवं पुनः सर्भेक्षण गरी सिफारिस गर्ने व्यवस्था ।
- प्राधिकरणको निर्णयमा चित्त नबुझ्नेले पुनरावेदन समितिमा उजुरी दर्तागरी न्यायिक निरोपण हुने व्यवस्था ।
- प्राविधिक परिचालन हुनुपूर्व पुनर्निर्माण भएका घरहरुलाई स्थानीय तहको सिफारिसको आधारमा एकमुष्ठ तीन लाख रुपैयाँ उपलब्ध हुने व्यवस्था ।

# क. निजी आवास पुनर्निर्माण, गुनासो सुनुवाई र पुनरावेदन

## २. प्रगति अवस्था

| सि.नं. | विवरण | | २०७5चैत्र १४ सम्म | प्रतिशत |
|---|---|---|---|---|
| **1** | **जम्मा लाभग्राही** | | 818851 | |
| 2 | अनुदान सम्झौता | | 757113 | 92 |
| 3 | **प्रथम किस्ता भुक्तानी** | | 751758 | 99 |
| 4 | **निर्माण कार्य शुरु भएका घर संख्या** | | 604821 | 80 |
| 5 | दोस्रो किस्ता | माग | 572811 | 76 |
| | | प्रमाणिकरण | 568717 | 75 |
| | | **भुक्तानी** | 554101 | 73 |
| 6 | तेस्रो किस्ता | माग | 414332 | 55 |
| | | प्रमाणिकरण | 410347 | 54 |
| | | **भुक्तानी** | 389078 | 51 |
| 7 | **निर्माण सम्पन्न घर संख्या** | | 376435 | 50 |
| ८ | प्रवलीकरण | लाभग्राही | 63019 | |
| | | सम्झौता | 18330 | 29 |
| | | प्रथम किस्ता भुक्तानी | 17422 | 95 |

# क. निजी आवास पुनर्निर्माण, गुनासो सुनुवाई र पुनरावेदन

## २. प्रगति अवस्था

| सि.नं. | विवरण | संख्या |
|---|---|---|
| १ | कुल गुनासो दर्ता | ४,३७,६६२ |
| २ | पुनः सर्वेक्षण गरिएका घर | १,२९,४१० |
| ३ | सूचना प्रणालीबाट पुनरावलोकन गरिएका गुनासो | ४,३४,९१३ |
| ४ | पुनरावलोकनबाट थपिएका लाभग्राही | १,३२,७३६<br>(८८,३६७ पुनर्निर्माण र ४४,३६९ प्रवलीकरण) |
| ५ | प्राधिकरणको टोल फ्रिबाट सेवा लिनेको सङ्ख्या | २५,००० |
| ६ | पुनरावेदन समितिमा दर्ताका लागि संकलन भएका पुनरावेदन पत्रहरु | 5068 |
| ७ | जाँचबुझ गरी दर्ता भएका निवेदन | १980 |
| ८ | प्रमाण बुझ्ने प्रयोजनका लागि भएका आदेश | 1245 |
| ९ | प्रत्यार्थी झिकाउने मुद्दा | १२८ |
| १० | अन्य आदेश | १०६ |
| ११ | फैसला भएका संख्या | 285<br>(265 मुद्दा खारेज, 3 कार्यकारी समितिको निर्णय बदर गरी लाभग्राही कायम, 4 तामेली र 13 गैह्रलाभग्राही) |

# क. निजी आवास पुनर्निर्माण, गुनासो सुनुवाई र पुनरावेदन

## ३. आगामी लक्ष्य एवं कार्ययोजना

- आ.व. ०७४/७५ भित्र प्रथम किस्ता लिएका सम्पूर्ण लाभग्राहीको निजी आवास पुनर्निर्माण आ.व. ०७५/७६ भित्र सम्पन्न गर्ने।
- गुनासो सुनुवाई र पुनःसर्भेक्षण कार्य आ.ब. ०७५/७६ को दोस्रो चौमासिक भित्र सम्पन्न गरी बाँकी सबै लाभग्राहीलाई आ.व. २०७५/७६ भित्रै पहिलो किस्ता रकम उपलब्ध गराउने ।
- गुनासो सुनुवाई, भूमिहीन, जोखिम वर्ग, एकीकृत बस्ती र परम्परागत बस्तीसँग सम्बन्धित लाभग्राहीको निजी आवास पुनर्निर्माण आ.व. २०७६/७७ भित्र सम्पन्न गर्ने ।

# ख. बस्ती स्थानान्तरण, एकीकृत बस्ती र जोखिम वर्गका लाभग्राही

## १. नीतिगत एवं कानुनी व्यवस्था

- जोखिमपूर्ण बस्ती/घर रहेको स्थानको भौगर्भिक अध्ययन गरी तीन वर्गमा विभाजनः असुरक्षित भई सार्नुपर्ने, सुरक्षित गर्न सकिने र सुरक्षित रहेको ।
- घर/बस्ती स्थानान्तरण गर्दा सम्बन्धित घरधनी वा समुदायले चाहेको सुरक्षित स्थानमा सार्ने ।
- व्यक्तिगत रुपमा सर्न चाहनेका लागि रु. २ लाख जग्गा खरिद अनुदानको व्यवस्था ।
- दश वा दश भन्दा बढी परिवारलाई स्थानान्तरण गरी एकीकृत बस्तीमा लैजान विशेष प्रोत्साहन कार्यक्रम- प्रति व्यक्ति रु. २ लाखका दरले संयुक्त रुपमा जग्गा खरिद गर्न सकिने वा सार्वजनिक वनक्षेत्र वा अन्य कुनै पनि पायक पर्ने जग्गा उपलब्ध गराइने, पूर्वाधार विकासमा अनुदान (३/४/५ लाख प्रति व्यक्तिका दरले समुदायलाई दिइने ) र जीविकोपार्जन कार्यक्रम संचालन हुने ।

# ख. बस्ती स्थानान्तरण, एकीकृत बस्ती र जोखिम वर्गका लाभग्राही

## १. नीतिगत एवं कानूनी व्यवस्था

- छरिएर रहेका भूकम्प पीडित लाभग्राहीलाई एकीकृत बस्ती बनाउन विशेष प्रोत्साहन - पूर्वाधार विकासमा अनुदान एवं जीविकोपार्जन कार्यक्रम संचालन ।
- एकीकृत बस्तीमा व्यक्तिगत वा सामुहिक रुपमा घर बनाउन सकिने ।
- "एक पालिका- न्यूनतम एक एकीकृत बस्ती"को अभियान - एक सय परिवार सम्मको एकीकृत बस्ती सम्बन्धित स्थानीय तह र समुदाय द्वारानै कार्यान्वयन हुने व्यवस्था।
- एकिकृत बस्ती विकास तथा हाउसपुलिङ कार्यक्रमका लागि जग्गा एकिकरण सम्बन्धी कार्यविधिलाई सरलीकृत गरी पिपिपि, ऋण लगानी, जनसहभागिता जस्ता वैकल्पिक व्यवस्थाद्धारा लगानी परिचालन गर्नमा प्रोत्साहन गर्ने ।
- पन्ध्र वर्ष मुनिका वालबालिका, 7० वर्ष माथिका वृद्धवृद्धा र अपाङ्गता मात्र भएका भूकम्प पीडित लाभग्राहीलाई जोखिम वर्गका लाभग्राहीका रुपमा परिभाषित गरी थप ५० हजार रुपैयाँ आवास अनुदान र विशेष प्राविधिक सहयोगको व्यवस्था ।

# ख. बस्ती स्थानान्तरण, एकीकृत बस्ती र जोखिम वर्गका लाभग्राही

## २. कार्य प्रगति अवस्थाः- बस्ती स्थानान्तरण

| सि.नं. | विवरण | संख्या |
|---|---|---|
| १ | अध्ययन गरिएका सम्भावित जोखिमयुक्त बस्ती | १०७५ |
| २ | सुरक्षित बस्ती (केही गर्नु नपर्ने) | ४६३ |
| ३ | सुरक्षित बनाउन सकिने जोखिमयुक्त बस्ती | ३५६ |
| ४ | असुरक्षित बस्ती | २७२ |
| ५ | असुरक्षित बस्तीमा रहेका लाभग्राहीको सङ्ख्या | ४४६९ |
| ६ | जग्गा खरिद अनुदान लिइ जग्गा व्यवस्थापन गरेका लाभग्राही सङ्ख्या | 1652 |
| ७ | सुरक्षित बस्तीका लागि जग्गा उपलब्ध गराइएको लाभग्राहीको सङ्ख्या | ६२८ |
| ८ | सुरक्षित जग्गा उपलब्ध गराउन बाँकी लाभग्राही सङ्ख्या | २189 |

# ख. बस्ती स्थानान्तरण, एकीकृत बस्ती र जोखिम वर्गका लाभग्राही

## २. कार्य प्रगति अवस्था- जोखिम वर्ग

| सि.नं. | विवरण | प्रगति संख्या |
|---|---|---|
| १ | जोखिम वर्गमा पर्ने जम्मा लाभग्राही सङ्ख्या | १८,००० |
| २ | थप अनुदान प्राप्त गर्ने कुल लाभग्राही | २,००० |
| ३ | थप अनुदान प्राप्त गर्ने बाँकी लाभग्राही | १६,००० |

# ख. बस्ती स्थानान्तरण, एकीकृत बस्ती र जोखिम वर्गका लाभग्राही

## २. कार्य प्रगति अवस्था - एकिकृत बस्ती

| सि.नं. | विवरण | प्रगति संख्या |
|---|---|---|
| १ | एकीकृत बस्ती पुनर्निर्माणका लागि प्राप्त प्रस्ताव | ३७ |
| २ | योजना स्वीकृत भएका एकीकृत बस्ती | २९ |
| ३ | पुनर्निर्माण सम्पन्न भएका एकीकृत बस्ती | २ |

# ख. बस्ती स्थानान्तरण, एकीकृत बस्ती र जोखिम वर्गका लाभग्राही

## ३. आगामी लक्ष्य एवं कार्ययोजना

**बस्ती/घर स्थानान्तरणः**

- सबै लाभग्राहीलाई सुरक्षित जग्गा व्यवस्थाः- आ.व. २०७५/७६ भित्र
- आवास पुनर्निर्माण सम्पन्न गर्नेः आ.व. ०७५/७६ भित्र ५० प्रतिशत र आ.व. ०७६/७७ भित्र १०० प्रतिशत

**एकीकृत बस्ती विकास**

- योजना स्वीकृतीः आ.व. ०७५/७६ भित्र ५० वटा र आ.व. ०७६/७७ भित्र थप २५ वटा ।
- बस्ती विकासः आ.व. ०७५/७६ भित्र १५ वटा, आ.व. ०७६/७७ भित्र थप ४० वटा र आ.ब. ०७७/७८ को प्रथम चौमासिक भित्र थप २० वटा ।

**जोखिम वर्ग लाभग्राही**

- थप ५० हजार अनुदान सहित घर निर्माण कार्य आरम्भ – आ.ब. ०७५/७६ भित्र १०० प्रतिशत
- पुनर्निर्माण सम्पन्नः आ.ब. ०७५/७६ भित्र ४० प्रतिशत र आ.ब. ०७६/७७ भित्र १०० प्रतिशत ।

# ग. शिक्षण संस्थाहरुको पुनर्निर्माण

## १. नीतिगत एवं कानूनी व्यवस्था

- क्षतिको स्तर एवं विद्यालयहरुको मापदण्डका आधारमा क्षतिग्रस्त विद्यालयहरुलाई नमूना विद्यालय र अन्य विद्यालयमा वर्गिकरण ।
- अन्य विद्यालयको क्षति एवं  विद्यार्थी संख्याको आधारमा थप दुई देखि आठ वटा सम्म कक्षा कोठा पुनर्निर्माण गर्ने ।
- नमुना बाहेकका सबै विद्यालयहरु सम्बन्धित व्यवस्थापन समिति द्वारा पुनर्निर्माण गर्ने।
- प्रत्येक जिल्लामा जिल्ला आयोजना कार्यान्वयन ईकाई (शिक्षा)को व्यवस्थाद्वारा प्राविधिक सुपरिवेक्षण र अनुगमनको व्यवस्था ।
- गैससरकारी संस्थालाई विद्यालय पुनर्निर्माण गर्नमा प्रोत्साहन र सहजीकरण ।
- विश्वविद्यालय तथा कलेजहरुको पुनर्निर्माण, ठूला संरचना केन्द्रीय आयोजना कार्यान्वयन इकाईद्धारा र साना संरचना विश्वविद्यालय अनुदान आयोग मार्फत बजेट उपलब्ध गराई सम्बन्धित कलेजद्वारा गर्ने ।
- स्थानीय पुनर्निर्माण समन्वय समिति मार्फत स्थानीय तहले विद्यालय पुनर्निर्माणको समन्वय र अनुगमन गर्ने ।
- गुणस्तर कायम गर्न तथा समयमै कार्य सम्पादन गर्नका लागि विशेष प्रयोगशाला तथा विद्युतीय अनुगमन संयन्त्रको स्थापना ।

# ग. शिक्षण संस्थाहरुको पुनर्निर्माण

## २. प्रगति अवस्था र लक्ष्य

| विवरण | पुनर्निर्माण गर्नुपर्ने | पुनर्निर्माण सम्पन्न | | पुनर्निर्माण जारी | | पुनर्निर्माण शुरु हुन बाँकी | | आगामी लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | आ.व. ०७५/७६ भित्र | आ.व. ०७६/७७ भित्र | आ.व. २०७७/७८ को प्रथम चौमासिक भित्र |
| **विद्यालय भवन** | **७५५३** | **४201** | **५6** | **2619** | **35** | **733** | **10** | **७० %** | **९० %** | **१०० %** |
| विद्यालय कक्षाकोठाहरु | ४९६८१ | 18456 | ३६ | 18550 | 37 | 12675 | 26 | ६० % | ९०% | १०० % |
| विश्वविद्यालय एवं कलेजका भवनहरु | ३० | २ | ७ | २१ | ७० | ७ | २३ | ४० % | ८० % | १०० % |

# ग. शिक्षण संस्थाहरुको पुनर्निर्माण

## 3. आगामी कार्ययोजना

- सबै विद्यालयमा शौचालय, खानेपानी र कम्पाउण्ड वालको व्यवस्था गर्ने ।
- पुनर्निर्माण शुरु गर्न बाँकी रहेका सबै विद्यालयहरुको पुनर्निर्माण यसै आ.व. भित्र शुरु गर्ने ।
- पुनर्निर्मित विद्यालयहरुमा आवश्यक उपकरण सहित शिक्षा मन्त्रालय एवं सम्बन्धित स्थानीय तहले शैक्षिक गुणस्तर सुधार कार्यक्रम संचालन गर्ने ।
- विद्यालय पुनर्निर्माणमा स्थानिय तहको प्रत्यक्ष संलग्नताको सुनिश्चितता र हस्तान्तरण ।

# घ. स्वास्थ्य संस्थाहरुको पुनर्निर्माण

## १. नीतिगत एवं कानूनी व्यवस्था

- क्षतिग्रस्त स्वास्थ्य संस्थाहरुलाई स्वास्थ्य मंत्रालयद्वारा निर्धारित मापदण्डका आधारमा वर्गिकरण र सो अनुरुप पुनर्निर्माण ।
- स्वास्थ्य चौकी एवं प्राथमिक स्वास्थ्य केन्द्रहरुलाई प्रिफेव संरचनामा पुनर्निर्माण गरी छिटो सेवा संचालनको व्यवस्था ।
- सम्बन्धित स्थानीय तह र व्यवस्थापन समितिद्वारा पुनर्निर्माण कार्यको प्रत्यक्ष अनुगमनको व्यवस्था ।
- स्वास्थ्य संस्था पुनर्निर्माणमा संभव भए सम्म गैरसरकारी संस्थाहरुको परिचालन ।

# घ. स्वास्थ्य संस्थाहरुको पुनर्निर्माण

## २. कार्य प्रगति र आगामी लक्ष्य

| **विवरण** | **पुनर्निर्माण गर्नुपर्ने** | **पुनर्निर्माण सम्पन्न** | | **पुनर्निर्माण जारी** | | **पुनर्निर्माण शुरु हुन बाँकी** | | **आगामी लक्ष्य** | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | आ.व. ०७५/७६ भित्र | आ.व. ०७६/७७ भित्र | आ.व. २०७७/७८ को प्रथम चौमासिक भित्र |
| **स्वास्थ्य संस्थाहरु** | **११९७** | **६४३** | **५४** | **१४५** | **१२** | **४०९** | **३४** | **६५%** | **८० %** | **१०० %** |
| पूर्ण क्षति | ५४४ | ३१२ | ५८ | ५१ | ९ | १८१ | ३३ | | | |
| आंशिक क्षति | ६५३ | ३३१ | ५१ | ९४ | १४ | २२८ | ३५ | | | |

# घ. स्वास्थ्य संस्थाहरुको पुनर्निर्माण

**१. आगामी कार्ययोजना**

- स्वास्थ्य मन्त्रालय एवं सम्बन्धित स्थानीय तहले पुनर्निर्मित स्वास्थ्य संस्थाहरुमा आवश्यक उपकरण सहित गुणस्तर सुधार कार्यक्रम संचालन गर्ने ।
- सबै स्वास्थ्य संस्थाहरुको पुनर्निर्माण यसै आ.व. भित्र शुरु गर्ने ।

# ङ. सरकारी एवं सुरक्षा निकायका भवन पुनर्निर्माण

## १. नीतिगत एवं कानूनी व्यवस्था

- सरकारी भवनहरुको पुनर्निर्माण सम्बन्धी डिजाईनको मापदण्ड निर्धारण र पुनर्निर्माणको अनुगमन सम्बन्धित सरकारी कार्यालय द्‍वारा हुने ।
- संघीयताको कार्यान्वयन पश्चात जिल्ला तहका कार्यालयहरुमा कटौती- पुनर्निर्माण शुरु भैसकेका बाहेक थप कार्यालय भवनको पुनर्निर्माण नहुने ।
- सुरक्षा निकायका भवनहरुको पुनर्निर्माण सम्बन्धित सुरक्षा निकायका कार्यालयबाटै हुने ।
- गाउँ एवं नगरपालिकाहरु तथा वडा कार्यालयका भवनहरुको पुनर्निर्माण जिसस कोष मार्फत सम्बन्धित स्थानीय तहले नै गर्ने- कार्यान्वयन हुन बाँकी । **(छलफल आवश्यक)**

# ङ. सरकारी एवं सुरक्षा निकायका भवन पुनर्निर्माण

## २. कार्य प्रगति र आगामी लक्ष्य

| आयोजना | पुनर्निर्माण गर्नुपर्ने | पुनर्निर्माण सम्पन्न | | पुनर्निर्माण जारी | | पुनर्निर्माण शुरु हुन बाँकी | | आगामी लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | आ.व. ०७५/७६ भित्र | आ.व. ०७६/७७ भित्र | आ.व. २०७७/७८ को प्रथम चौमासिक |
| **सरकारी भवन** | **४१५** | **262** | **६3** | **१४५** | **३५** | **8** | **2** | **७५%** | **९० %** | **१००%** |
| पूर्ण क्षति | १६२ | 30 | १9 | १२६ | ६८ | 6 | 4 | ३०% | ८०% | १०० % |
| आंशिक क्षति | २५३ | २३२ | ९२ | १९ | ७ | २ | १ | ९५% | १००% | |
| **सुरक्षा निकायका भवन** | **३८३** | **124** | **32** | **88** | **23** | **१७८** | **४४** | **६०%** | **९५%** | **१००%** |
| नेपाली सेना | २०४ | ५५ | २७ | १३ | ५ | १४२ | ६८ | ६०% | ९५% | १०० % |
| नेपाल प्रहरी | १३९ | 36 | 26 | 68 | 49 | ३५ | २५ | ६०% | ९०% | १००% |
| सशस्त्र प्रहरी | ३१ | २५ | ८१ | ६ | १९ | - | – | ९०% | १००% | |
| राष्ट्रिय अनुसन्धान विभाग | ९ | ८ | ८९ | १ | ११ | – | – | १००% | | |

# ङ. सरकारी एवं सुरक्षा निकायका भवन पुनर्निर्माण

## ३. आगामी कार्ययोजना

१. जिल्लास्थित सरकारी कार्यालयका पुनर्निर्माण भैसकेका र कार्यान्वयनका क्रममा रहेका बाहेकका कुनै पनि नयाँ  भवनहरु प्राधिकरण मार्फत् पुनर्निर्माण नगर्ने ।

२. गाउँपालिका एवं नगरपालिकाका भवनहरुको पुनर्निर्माणका लागि बजेट व्यवस्था मिलाई कार्यान्वयन गराउने ।

३. केन्द्रीय स्तरका सबै सरकारी एवं सुरक्षा निकायका भवनहरुको पुनर्निर्माण आगामी दुई वर्ष भित्र सम्पन्न गर्ने गरी कार्यान्वयनमा जाने ।

# च. पुरातत्विक एवं साँस्कृतिक सम्पदा तथा परम्परागत बस्तीहरुको पुनर्निर्माण

## १. नीतिगत एवं कानूनी व्यवस्था

- पुरातात्विक एवं साँस्कृतिक सम्पदाहरुलाई सम्भव भए सम्म मर्मत संभार एवं प्रवलीकरण गर्ने ।
- पुरातात्विक एवं साँस्कृतिक सम्पदाहरुको पुनर्निर्माण तथा प्रवलीकरण गर्दा प्राचीन स्मारक संरक्षण ऐन, २०१३ तथा राष्ट्रिय एवं अन्तराष्ट्रिय मापदण्ड अनुरुप प्राचीन शैली, प्रविधि र निर्माण सामाग्रीको प्रयोग गर्ने ।
- सम्पदाहरुको पुनर्निर्माण गर्दा भूकम्प प्रतिरोधी संरचनाको सुनिश्चितता गरिने ।
- सम्पदाहरुको पुनर्निर्माण कार्य संभव भएसम्म स्थानीय समुदायिक संस्था मार्फत गर्नमा प्राथमिकता दिइने - २५ करोड रुपैयाँ सम्मको पुनर्निर्माण गर्न खरिद कार्यविधि संशोधन प्रकृया अघि बढाउने ।
- काठमाण्डौ उपत्यका भित्रका सातवटा विश्व सम्पदा क्षेत्र, रानीपोखरी -शान्तिवाटिका - खुला मंच क्षेत्र एवं शंखमुल-टेकु दोभानको वाग्मती करिडोर क्षेत्रको वृहत गुरुयोजना तयारी र कार्यान्वयन तथा सम्पदाहरुको पुनर्निर्माण कार्य एकसाथ अघि बढाउने ।

# च. पुरातत्विक एवं साँस्कृतिक सम्पदा तथा परम्परागत बस्तीहरुको पुनर्निर्माण

## १. नीतिगत एवं कानूनी व्यवस्था

- उपत्यका भित्रका ४९ वटा पुराना बस्तीहरु र बाहिरका गोरखा दरबार क्षेत्र, नुवाकोट दरबार क्षेत्र र दोलखा भिमेश्वर मन्दिर क्षेत्रलाई परम्परागत बस्तीका रुपमा परिभाषित गरी गुरुयोजना तयारी र कार्यान्वयन तथा पुनर्निर्माण कार्य एक साथ अघि बढाउने ।
- गोरखाको बारपाक गाउँको ऐतिहासिकता कायम राख्न गुरुयोजना तयारी र कार्यान्वयन तथा पुनर्निर्माण कार्य अघि बढाउने ।
- विश्व सम्पदा क्षेत्र एवं परम्परागत बस्तीमा रहेका व्यक्तिगत घरहरुको पुनर्निर्माण गर्दा प्राचीन मौलिक स्वरुप कायम गर्न थप ५० हजार रुपैयाँ अनुदान सहयोगको व्यवस्था।
- परम्परागत बस्तीहरुको पुनर्निर्माणका लागि छुट्टै मापदण्ड र कार्यविधिको व्यवस्था।
- उपत्यका बाहिरका पुरातात्विक सम्पदाहरुको पुनर्निर्माण पुरातत्व विभागको स्वीकृति र अनुगमनमा सम्बन्धित स्थानीय तह, गुठी एवं सम्बन्धित व्यवस्थापन समितिद्वारा गर्नमा प्राथमिकता ।
- एक सय वर्ष भन्दा बढीका गुम्बा प्राधिकरणद्धारा र अन्य गुम्बा सम्बन्धित स्थानीय तह एवं गुम्बा व्यवस्थापन समिति द्वारा पुनर्निर्माण गरिने । यसका लागि छुट्टै कार्यविधि लागु गरिएको ।

# च. पुरातत्विक एवं साँस्कृतिक सम्पदा तथा परम्परागत बस्तीहरुको पुनर्निर्माण

## २. कार्यप्रगति अवस्था र आगामी लक्ष्य

## २.१. पुरातात्विक सम्पदा

| विवरण | पुनर्निर्माण गर्नुपर्ने | पुनर्निर्माण सम्पन्न | | पुनर्निर्माण जारी | | पुनर्निर्माण शुरु हुन बाँकी | | आगामी लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | आ.व. ०७५/७६ भित्र | आ.व. ०७६/७७ भित्र | आ.व. २०७७/७८ को प्रथम चौमासिक भित्र |
| भूकम्प अति प्रभावित १४ जिल्ला | ७५३ | २21 | २9 | २२1 | 29 | ३११ | ४1 | ५० | ७५ | १०० |
| भूकम्प कम प्रभावित १७ जिल्लाका ८४५ मध्ये पुनर्निर्माण गर्नुपर्ने | ४२५ | - | - | - | - | ४२५ | | | आ.व. २०७५/७६ बाट सुरु गरी २०७७/७८ मा सम्पन्न गर्ने | |

# च. पुरातत्विक एवं साँस्कृतिक सम्पदा तथा परम्परागत बस्तीहरुको पुनर्निर्माण

## २. कार्यप्रगति अवस्था

## २.१. पुरातात्विक सम्पदा

**सिंहदरबारः**

- पूर्व, उत्तर र दक्षिणको भागमा प्रबलीकरण कार्य भैरहेको ।
- पश्चिम तर्फको भागको प्रथम चरणमा अध्ययन सम्पन्न भई प्रवलीकरण गर्ने गरी DPR बन्दै गरेको ।

**राष्ट्रपति भवनः**

-आवास भवनको पुनर्निर्माण सम्पन्न भएको ।

-शितल निवास भवनको जोखिम अध्ययन कार्य अगाडि बढाइएको ।

**हरिहर भवनः-**

- आगामी २.5 वर्षभित्र पुनर्निर्माण सम्पन्न गर्ने गरी DPR तयार गरी भारतीय Exim Bank को ऋण सहयोगमा पुनर्निर्माण हुने ।

# च. पुरातत्विक एवं साँस्कृतिक सम्पदा तथा परम्परागत बस्तीहरुको पुनर्निर्माण

## २. कार्यप्रगति अवस्था

## २.१. पुरातात्विक सम्पदा

<u>**रानीपोखरीः-**</u>

- तीन खण्डमा कार्य अघि बढाइएको ।
  - पहिलोः- कामनपाद्धारा पोखरीको वरिपरीको संरचनाहरुको  जिर्णोद्धार र पुनर्निर्माणः- पुरातत्व विभागबाट स्वीकृति भएको ।
  - दोश्रोः- पुरातत्व विभागद्धारा बाल गोपालेश्वर मन्दिरको पुनःनिर्माण शिखर शैलीमा गर्ने निर्णय भएको।
  - तेश्रोः- कामनपाद्धारा पोखरीको Bed Level को पुनर्निर्माण र पानीको नियमित आपूर्तिको व्यवस्था गर्ने –टेण्डर स्वीकृतीको क्रममा रहेको ।

<u>**काष्टमण्डपः-**</u>

- आगामी १ वर्ष भित्र सम्पन्न गर्ने लक्ष्य रहेको ।
- विभिन्न  ५ वटा समितिहरु गठन गरिएकोः काष्टमण्डप निर्देशक समिति, काष्टमण्डप पुनर्निर्माण समिति, काष्टमण्डप सल्लाहकार समिति, काष्टमण्डप संरक्षक समिति र काष्टमण्डप सहयोग समिति ।
- कामनपा र पुनर्निर्माण समितिबीच  २०७५ जेठ  ३१ गते सम्झौता भई हालसम्म  ५.५ करोड उपलब्ध गराइएको।
- समितिको कार्यालय र काठको वर्कसप (पहिलो चरण) स्थापना भई कार्य भैरहेको ।

# च. पुरातत्विक एवं साँस्कृतिक सम्पदा तथा परम्परागत बस्तीहरुको पुनर्निर्माण

## २. कार्यप्रगति अवस्था

## २.१. पुरातात्विक सम्पदा

**धरहराः**

- आगामी दुई वर्ष भित्र सम्पन्न गर्ने लक्ष्य रहेको ।
- पुरातत्व विभागको स्विकृत डिजाइन अनुरुप प्राधिकरण मार्फत काम अघि बढाइएको ।
- यही पौष १२ गते सम्मानननीय प्रधानमन्त्रीज्यूबाट धरहरा पुनर्निर्माणको लागि शिलान्यास भएको ।
- नेपाल टेलिकमले रु. १ अर्ब रकम उपलब्ध गराउने प्रतिबद्धता जनाएको ।
- "मेरो धरहरा मै बनाउँछु" अभियान अन्तर्गत कोषमा ८ करोड ३२ लाख जम्मा भएको ।

# च. पुरातत्विक एवं साँस्कृतिक सम्पदा तथा परम्परागत बस्तीहरुको पुनर्निर्माण

## २. कार्यप्रगति अवस्था

## २.१. पुरातात्विक सम्पदा

| सि.नं. | विश्व सम्पदा क्षत्रको विवरण | क्षतिको भएको सम्पदाको संख्या | पुनर्निर्माण सम्पन्न संख्या | पुनर्निर्माण भैरहेका |
|---|---|---|---|---|
| १ | पाटन दरबार क्षेत्र | १७ | ९ | ८ |
| २ | भक्तपुर दरबार क्षेत्र | २१ | ४ | १७ |
| ३ | चाँगुनारायण | ८ | ३ | ५ |
| ४ | हनुमानढोका दरबार क्षेत्र | २९ | १४ | ६ |
| ५ | स्वयम्भू | १८ | १५ | ३ |
| ६ | पशुपती क्षेत्र | ६६ | १८ | ११ |
| ७ | बौद्धनाथ | १ | १ | - |

**सातवटै विश्व सम्पदा क्षेत्रको गुरुयोजना तयारीको क्रममा रहेको ।**

# च. पुरातत्विक एवं साँस्कृतिक सम्पदा तथा परम्परागत बस्तीहरुको पुनर्निर्माण

## २. कार्यप्रगति अवस्था

## २.२. गुम्बा पुनर्निर्माण

| सि.नं. | विवरण | संख्या |
|---|---|---|
| १ | क्षति भएका गुम्बाको सङ्ख्या | १३२० |
| २ | मर्मत सम्भार गर्नुपर्ने गुम्बाको सङ्ख्या | ४०२ |
| ३ | पुनर्निर्माण गर्नुपर्ने गुम्बाको सङ्ख्या | ८९५ |
| ४ | एक सय वर्षभन्दा पुराना गुम्बा | २५० |
| ५ | दुई हजार वर्गफिट भन्दा बढी क्षेत्रफल भएका गुम्बा संस्था | २४ |
| ६ | स्थानीय तह र गुम्बा व्यवस्थापन समितिबाट पुनर्निर्माण गर्नुपर्ने गुम्बा संख्या | ६२१ |

# च. पुरातत्विक एवं साँस्कृतिक सम्पदा तथा परम्परागत बस्तीहरुको पुनर्निर्माण

**२. कार्यप्रगति अवस्था**

**२.३. परम्परागत बस्ती**

१. कुल बस्ती संख्याः – ५२ वटा (उपत्यका भित्र ४९ वटा र उपत्यका बाहिर ३ वटा)

२. बुङ्गमती, खोकना, साँखु एवं दोलखा भिमेश्वर मन्दिरहरुको गुरुयोजना तयार भई कार्यान्वयन चरणमा रहेको ।

३. बाँकी परम्परागत बस्तीहरुको गुरुयोजना तयारी क्रममा रहेको ।

# च. पुरातत्विक एवं साँस्कृतिक सम्पदा तथा परम्परागत बस्तीहरुको पुनर्निर्माण

## ३. आगामी लक्ष्य एवं कार्ययोजना

- पुरातात्विक एवं साँस्कृतिक सम्पदाहरुको पुनर्निर्माणको समग्र कार्यान्वयन, अनुगमन र समन्वयका लागि प्राधिकरण अन्तर्गत विशेष संरचनागत व्यवस्था मिलाउने ।
- पुरातत्व विभागको संस्थागत एवं प्राविधिक क्षमता अभिवृद्धिमा जोड दिने ।

# छ. सडक तथा खानेपानी संरचनाहरुको पुनर्निर्माण

## १. नीतिगत व्यवस्था

- रणनैंतिक सडकहरु सडक विभाग मार्फत, जिल्ला स्तरीय सडक सम्बन्धित जिल्ला आयोजना कार्यान्वयन ईकाइ मार्फत र खानेपानी संरचना खानेपानी विभाग मार्फत पुनर्निर्माण गर्ने ।
- सडकहरुको छनौट सम्बन्धित जिल्ला समन्वय समिति (अर्थात जिविस) मार्फत गरिएको ।
- पर्यटन मार्ग र पदमार्गहरुको पुनर्निर्माण सम्बन्धि कार्य पर्यटन विभागद्वारा कार्यान्वयन ।
- सडक पुल तथा खानेपानी तर्फ आ.ब. ०७५/७६ सम्म कार्यान्वयन भएका वा कार्यान्वयन क्रममा रहेका बाहेकका थप पुनर्निर्माण कार्य सम्बन्धित सरकारी निकायले नियमित बजेट अन्तर्गत कार्यान्वयन गर्ने ।

# छ. सडक तथा खानेपानी संरचनाहरुको पुनर्निर्माण

## २. कार्यप्रगति अवस्था र आगामी लक्ष्य

| आयोजना | पुनर्निर्माण गर्नुपर्ने | पुनर्निर्माण सम्पन्न | | पुनर्निर्माण जारी | | पुनर्निर्माण शुरु हुन बाँकी | | आगामी लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | आ.व. ०७५/७६ भित्र | आ.व. ०७६/७७ भित्र | आ.व. २०७७/७८ को प्रथम चौमासिक |
| ग्रामीण सडक | ८३ | ३ | ४ | ३८ | ४६ | ४२ | ५० | ६० % | ८०% | १०० % |
| | १०५१ कि.मी. | २८ कि.मी. | ३ | ७०७ कि.मी. | ६७ | ३१६ कि.मी. | ३० | ६०% | ८० % | १०० % |
| रणनैतिक सडक | ३ | - | - | ३ | १०० | - | - | ६०% | ८० % | १०० % |
| | १०० कि.मी. | १७ कि.मी. | १७ | ८३ कि.मी. | ८३ | - | - | ६०% | १०० % | |
| खानेपानी संरचना | 3212 | ७९१ | २५ | ६७० | २१ | १७५१ | ५५ | नियमित बजेट अन्तर्गत सम्बन्धित निकायबाट कार्यान्वयन हुने | | |

# ज. सामाजिक-आर्थिक पुनर्स्थापना

## १. नीतिगत एवं कानूनी व्यवस्था

- सम्भव भए सम्म गैरसरकारी क्षेत्रको परिचालन ।
- व्यवसाय प्रवर्द्धन, सीप विकास तालिम र विपन्न वर्गका लागि सामाजिक सुरक्षा कार्यक्रम गरी तीन वटा अवधारणाको अवलम्बन ।
- कार्यक्रमहरुको कार्यान्वयन सम्बन्धित मन्त्रालय तथा विभाग मार्फत गरिएको ।
- संघीयताको कार्यान्वयन पश्चात सम्बन्धित स्थानीय तह मार्फत कार्यान्वयन गर्नमा प्राथमिकता ।
- प्राधिकरणको जिल्ला कार्यालय मार्फत प्राविधिक सहयोग गर्ने र एकीकृत सहुलियत ऋण सम्बन्धी कार्यविधि अनुरुप सम्बन्धित बैंक मार्फत सहुलियत ऋणको व्यवस्था ।

# ज. सामाजिक-आर्थिक पुनर्स्थापना

## २. कार्यप्रगति अवस्था

**जीविकोपार्जन**

- कृषि विकास मन्त्रालय, पशुपन्छी विकास मन्त्रालय, उद्योग मन्त्रालय तथा विभिन्न कार्यक्रमका लागि कूल १ अर्ब १० करोड ८१ लाख रुपियाँ खर्च भएको ।
- भूकम्प पीडितलाई प्राथमिकता दिने व्यवस्था सहित व्यावसायिक सहुलियत ऋणसम्बन्धी एकीकृत कार्यविधि कार्यान्वयन ।
- विभिन्न गैरसरकारी संस्था, व्यक्ति तथा स्थानीय समुदायमार्फत कार्यक्रम सञ्चालन गरिएको ।

**डकर्मी तालिमः ५१,६४९**

# ज. सामाजिक-आर्थिक पुनर्स्थापना

## ३. आगामी लक्ष्य र कार्ययोजना

- सबै स्थानीय तह मार्फत कार्यक्रम संचालनार्थ विश्व बैँक समक्ष कार्यक्रम प्रस्तावित ।
- भूकम्पका कारण अंगभंग भएका, अपाङ्ग, एकल परिवार, वृद्ध वृद्धा तथा घरबारविहीन बालबालिकाका लागि सामाजिक पुनर्स्थापना  सम्बन्धी विशेष कार्यक्रम संचालन गर्ने ।

# झ. वित्तीय व्यवस्थापन

- पञ्चवर्षीय पुनर्निर्माण तथा पुनर्स्थापना योजनाअनुसार कुल बजेट आवश्यकता - ९३८ अर्ब रुपियाँ ।
- दाता सम्मेलनमा प्रतिबद्धता व्यक्त भएको रकम - ४१० अर्ब रुपियाँ (त्यसमध्ये  ६७ अर्ब राहत तथा उद्धार एवं अन्य कार्यक्रममा खर्च भई पुनर्निर्माणमा भएको वास्तविक प्रतिबद्धता जम्मा ३४३ अर्ब रुपियाँमात्र) ।
- सम्झौता रकम - २६२ अर्ब रुपियाँ  ।
- भारतीय एक्जिम बैङ्कको खर्च गर्न नसकिने रकम अन्य पूर्वाधार विकासमा खर्च गर्ने गरी स्रोतान्तर मार्फत बजेट व्यवस्था मिलाउने कार्य अघि बढाइएको ।
- पञ्चवर्षीय पुनर्निर्माण तथा पुनर्स्थापना योजनाको मध्यावधि मूल्याङ्कन गरी वित्तीय व्यवस्थापन योजनाको मस्यौदा तयार भई स्वीकृतिको प्रक्रियामा रहेको ।
- परिमार्जित वित्तीय व्यवस्थापन योजनाका आधारमा अर्थ मन्त्रालय एवं प्राधिकरणले थप सहयोग प्राप्तिका लागि दातृ निकायहरूसमक्ष पहल गर्ने ।

# झ. वित्तीय व्यवस्थापन

*पुनर्निर्माणमा खर्च*

| सि.नं. | विवरण | प्रगति |
|---|---|---|
| १ | आ.व. २०७४/७५ सम्मको कूल खर्च | १८६ अर्ब रुपैयाँ (नेपाल सरकार - ११९ अर्ब र दातृ निकाय - ६७ अर्ब रुपैयाँ) । |
| २ | आ.व. २०७५/७६ को लागि प्रस्तावित बजेट | १५१ अर्ब रुपैयाँ |
| ३ | आ.व. २०७५/७६ को खर्च | 50 अर्ब 56 करोड ७१ लाख |

# ञ. पुनर्निर्माणको दीगोपना र हस्तान्तरण

- विपद् व्यवस्थापनसम्बन्धी संवैधानिक एवं कानुनी व्यवस्थाबमोजिम तीनै तहका सरकारसँग सहकार्य गरी पुनर्निर्माणसम्बन्धी ज्ञान, सीप र अनुभव हस्तान्तरण गर्ने ।
- भूकम्पसम्बन्धी अन्तर्राष्ट्रिय स्तरको म्युजियम तथा अनुसन्धान केन्द्र स्थापना सम्बन्धी गृहकार्य अघि बढाउने ।
- प्राधिकरणमा हाल रहेको सूचना प्रणालीलाई सङ्घ, प्रदेश र स्थानीय तहमा हस्तान्तरण गर्ने प्रक्रिया अघि बढाउने ।
- प्रत्येक स्थानीय तहमा विपद् जोखिम नक्शाङ्कन कार्य अघि बढाइने र त्यसलाई स्थानीय तहको भू-उपयोग योजना एवं योजना तथा भवन मापदण्ड तयारीको आधारका रूपमा प्रयोग गर्ने ।
- प्रत्येक गाउँपालिका एवं नगरपालिकालाई राष्ट्रिय भवन संहिता लागु गराउन विशेष सहयोग कार्यक्रम सञ्चालन गर्ने ।
- सङ्घीय तहमा प्रस्तावित राष्ट्रिय विपद् जोखिम व्यवस्थापन प्राधिकरणसँग विशेष समन्वय र सहकार्य गर्ने ।
- पुनर्निर्माणसम्बन्धी सम्पूर्ण प्रक्रिया र क्षेत्रगत अनुभवहरूको डकुमेन्टेसन कार्य अघि बढाउने।
- गोरखा एवं सिन्धुपाल्चोकमा भूकम्प स्मृति पार्कहरूको पुनर्निर्माण गर्ने ।